# बेलबारी नगरपालिका
# नगर कार्यपालिकको कार्यालय
### बेलबारी, मोरङ
### १ नं. प्रदेश

## ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेलको विक्री कर संकलन गर्ने ठेक्का बन्दोबस्ती सम्बन्धी ३० (तीस) दिने सूचना

**सूचना प्रकाशित मिति : २०७५।०५।१४**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम बेलबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेलको विक्री कर संकलन गर्न नगर सभाबाट पारित दररेटमा तपशिल बमोजिमको खोला, नदी, नालाहरुबाट तोकिएको परिमाममा विक्री कर संकलन सम्वन्धी ठेक्का बन्दोवस्त गर्नुपरेकोले फर्मको दर्ताप्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको दर्ताप्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७४/७५ सम्मको कर तिरेको प्रमाणित प्रतिलिपि पेश गरी इच्छुक व्यक्ति वा कम्पनीहरुले तोकिएको अवधि भित्र रितपूर्वकको बोलपत्र आह्वान गरिएको छ।

| क्र स | ठेक्का नं. | ठेक्का को किसिम | उठाउने क्षेत्र | उठाउन पाउने परिणाम (घन फिट) | न्यूनतम ठेक्का रकम रु. | प्रति क्यू. फिट दर | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र फारम दाखिला गर्ने मिति र समय | बोलपत्र फारम खोल्ने मिति र समय | बोलपत्र खोल्ने स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/०७५/७६ | चिसाङ खोला | बेलबारी न.पा. को माथिल्लो राधानगर (गौंथली चोक), राधानगर, सृजना टोल, शान्ती टोल, दौलतपुर(क) र दौलतपुर (ख) गरि ६ वटा र कानेपोखरी गाँउपालिकाको जहदा, वागभ्कोडा र धावी टोल नाकाबाट जम्मा | ४४७८३६७.३ | १,२३,१५,५१०। | रु.२।७५ | ३०००।- | ३० औं दिन कार्यालय समयसम्म | ३१ औं दिन दिनको १२ बजेसम्म | ३१ औं दिन दिनको २ बजेसम्म | बेलबारी न.पा. को कार्यालय |
| २ | ०२/०७५/७६ | लोहन्द्रा खोला | वेलवारी र केरावारीको नक्सल नाका, बेलवारी न.पा. र सुन्दरहरैचा न.पा. को IEE प्रतिवेदन आधारमा लोहन्द्रा खोलाको शुक्रवारे नाका र गडगाँउ नाका र बाकी लोहन्द्रा खोलामा बेलवारी विभिन्न नाका गरि जम्मा | ९५६८१२७.२५ | २,६३,१२३५०। | रु.२।७५ | ५०००।- | ३० औं दिन कार्यालय समयसम्म | ३१ औं दिन दिनको १२ बजेसम्म | ३१ औं दिन दिनको २ बजेसम्म | बेलबारी न.पा. को कार्यालय |

**शर्तहरु**

१. बोलपत्र फारम दस्तुर ठेक्का नं. १ को लागि रु.३०००। तीन हजार र ठेक्का नं. २ को लागि रु.५०००। पाँच हजार मात्रको नगदी रसिद बुझाई वा कार्यालयको खाता नं. २४३०३०४०१८१०३ मा दाखिला गरेको सक्कल भौचर सहित यस कार्यालय बाट ३० (तीस) दिनभित्र बोलपत्र फारम खरिद गरिसक्नु पर्नेछ।
२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेसम्म सिलबन्दी बोलपत्र यस कार्यालयमा दर्तागराउनुपर्नेछ।
३. शिलबन्दी बोलपत्र दर्ताभएको दिन दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ र बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनैबाधा हुने छैन।
४. शिलबन्दी बोलपत्रमा ठेक्का कबुल रकमको ५ प्रतिशतले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक बेलबारी शाखा रहेको खाता नं.२४३०३०३००७१०३ धरौटी खातामा जम्मा गरि सोको सक्कल भौचर साथैबोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रतिलिपि र फर्मको हकमा प्यान दर्ताप्रमाणपत्र समेतको प्रतिलिपि पेश गर्नुपर्नेछ।
५. बोलपत्रदाताले आफूले कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखी खामबन्दी गरी शिल लाह छाप लगाई खामको माथि आफ्नो नाम, ठेगाना र ठेक्का नं. लेखी बोलपत्र फारम दर्ता गराउनुपर्नेछ।
६. बोलपत्र फारममा भरेको रकमको अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिइनेछ।
७. बोलपत्र खरिद गर्नेतथा दर्तागराउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सो को लगतै कार्यालय खुलेको दिनमा गरिनेछ।
८. न्यूनतम ठेक्का रकम भन्दा सबैभन्दा वढी ठेक्का रकम कबोल गर्नेबोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ।
९. बोलपत्र स्वीकृत पश्चातपत्र बुझेको ७ दिन भित्र सम्झौता गर्न नआएमा ५ प्रतिशत राखेको धरौटी रकम जफत हुनेछ।
१०. ठेक्का सम्झौताको समयमा ठेकेदारले पहिलो किस्ता वापत कबोल अंकको ४० प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक बेलबारी शाखामा रहेको संचित खाता नं. २४३०३०४०१८१०३ मुलकोष खातामा जम्मा गरेको सक्कल भौचर र बाँकी २ किस्ता मध्ये दोस्रो किस्ता वापत २०७५ पुष मसान्त सम्म र तेस्रो किस्ता २०७५ चैत्र मसान्तमा जम्मा गर्नुपर्नेछ।
११. सम्पूर्ण रकम एकमुष्ट नबुझाई किस्तामा रकम बुझाउने भएमा ठेकेदारले ठेक्का सम्झौता गर्न आउँदा जति रकम बुझाउन बाँकी रहन्छ सो बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको असार मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।
१२. ठेक्काको अवधि २०७५ आश्विन देखि २०७६ जेष्ठ मसान्तसम्म रहने छ।
१३. ठेक्का सम्झौता भईसकेपछि बन्द हड्ताल वा कुनै कारण बाट ठेक्का रकममा कुनै प्रकारको छुट र मिनाहा माफि दिइने छैन।
१४. ठेकेदारले सम्झौताको समयमा कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशत रकम छुट दिन सकिने छ।
१५. ढुंगा, गिट्टी, बालुवा र ग्राभेलको विक्री कर प्रति क्यु.वि.फिट २.७५ रुपैयाका दरले लिन पाउने छ।
१६. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भईठेक्का रद्द समेत गर्न सक्नेछ।
१७. ठेकेदारले ठेक्का भोग चलन गर्दायस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नुपर्नेछ।
१८. बोलपत्र स्वीकृत गर्ने वा नगर्नेसम्पूर्णअधिकार यस नगरपालिकामा निहीत रहनेछ।
१९. केरमेट भएको, सही छाप नभएको, म्याद नाघि दर्ता हुन आएको बोलपत्र स्वीकृत गरिने छैन।
२०. बोलपत्रदाता तथा नगरपालिका बीच कुनैकिसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णय लाई अन्तिम निर्णय मानिनेछ।
२१. यस सूचनामा उल्लेख भएका कुराहरु यसैअनुसार र नभएको कुराको हकमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ।
२२. नदी वा खोला उत्खनन तथा संकलन गर्न हेभि इकुमेन्ट प्रयोग गर्नपाइने छैन।
२३. ढुंगा, गिट्टी, बालुवा र ग्राभेलको बिक्री कर तथा प्राकृतिक धारा किनारा घाट कुल कुलेसा लोक मार्गतथा सार्वजनिक स्थल लाई क्षति नपुग्ने गरी पुलको ५ सय मिटर उत्तर दक्षिण छाडेर मात्र ढुंगा, गिट्टी, बालुवा र ग्राभेल उठाउन पाउनेछ।
२४. नदीको दुवै किनार २५/२५ प्रतिशत भाग छोडी ढुंगा, गिट्टी, बालुवा र ग्राभेल संकलन गर्नपाईनेछ।
२५. प्रारम्भिक वातावरण प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही ढुंगा, गिट्टी, वालुवा र ग्राभेल संकलन गर्नुपर्नेछ।
२६. वन क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन गरी बिक्री गर्नपाइने छैन।
२७. ठेकेदारले ठेक्का स्वीकृत भए पश्चात् कबोल रकमको १३ प्रतिशत मूल्य अभिबृद्धि कर र १.५ प्रतिशत अग्रिम आयकरको रकम ठेकेदारले आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेछ।